# सूर्यगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०        संख्याः २    मितिः २०८२/१०/२८

## भाग-२

## सूर्यगढी गाउँपालिका

सूर्यगढी गाउँपालिकाको महिला समूह गठन तथा सञ्चालन कार्यविधि -२०८२ सर्वसाधरणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१०/२७**

**सम्बत २०८२ सालको कार्यविधि नं.: ६**

# सूर्यगढी गाउँपालिकाको महिला समूह गठन तथा सञ्चालन कार्यविधी २०८२

**प्रस्तावनाः**

सूर्यगढी गाउँपालिकाले समदायमा बसोबास गर्ने सम्पुर्ण महिलाहरुको सामाजिक, आर्थिक, राजनैतिक एवं साँस्कृतिक पक्षहरुमा अधिकतम सहभागिता बढाउनुका साथै महिला सम्बन्धी गाउँपालिका स्तरीय नीति निर्माणदेखि कार्यान्वयन तहसम्म संलग्न गराई महिलाहरुको क्षमता अभिवृद्धि गरी मूलप्रवाहीकरण गर्न आवस्यक देखिएकोले महिला समूह गठन प्रक्रियालाई सरल, सहज तथा नियम संगत बनाउने उद्देश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सूर्यगढी गाउँपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम सूर्यगढी गाउँपालिकाको महिला समूह गठन तथा सञ्चालन कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि सूर्यगगढी गाउँ कार्यपालिकाबाट पारित भएको मितिबाट लागु हुनेछ ।

(३) यो कार्यविधि गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "**गाउँपालिका**" भन्नाले सूर्यगढी गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "**अध्यक्ष**" भन्नाले सूर्यगढी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ग) "**उपाध्यक्ष**" भन्नाले सूर्यगढी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(घ) "**कार्यपालिका**" भन्नाले सूर्यगढी गाउँपालिकाको गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "**शाखा**" भन्नाले सूर्यगढी गाउँपालिकाको महिला तथा बालबालिका शाखा सम्झनु पर्दछ ।

(च) "**दर्ता अधिकारी**" भन्नाले सूर्यगढी गाउँपालिकाको कार्यालय प्रमुख सम्झनु पर्दछ ।

## परिच्छेद २
## महिला समूह गठन तथा उद्देश्य

३. **उद्देश्यः** महिला समूह गठन गर्नुको मुख्य उद्देश्यहरु निम्नानुसार हुनेछनः

(क) टोल वस्तिस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा उक्त टोलबासीका महिलाहरुको पहुँच अभिवृद्धि गर्ने,

(ख) गाउँ समुदायदेखि स्थानीय स्तरमा हुने विभिन्न कार्यक्रमा महिलाहरुको सहभागिता सुनिश्चित गर्ने,

(ग) महिलाहरुलाई सामाजिक, आर्थिक, राजनीतिक लगायतका विषयहरुमा जागरुक गराउँदै उनीहरुको हक अधिकारप्रति सचेत गराउने,

(घ) समाजमा विद्यमान लैङ्गिक असमानतालाई अन्त्य गर्दै सामाजिक न्याय एवं समानता कायम गर्ने,

(ङ) समाजमा पछाडि परेका/पारिएका महिलाहरुलाई विभिन्न सचेतनामूलक कार्यक्रममा सहभागी गराएर अगाडि बढ्न अभिप्रेरित गर्ने,

(च) विभिन्न सिपमूलक तालिमहरु सञ्चालन गरी आयआर्जनको क्षेत्रमा महिलाहरुलाई अगाडि बढाई आर्थिक रुपमा सबल हुन सहयोग गर्ने,

(छ) पिछडिएका क्षेत्रहरुमा भईरहेको महिला हिंसा, घरेलु हिंसा तथा मानव बेचबिखन जस्ता समस्याहरुबाट महिला तथा बालबालिकाहरुलाई जोगाउन सहयोग गर्ने,

(ज) समुदाय स्तरमा आपसी सद्भभाव, समझदारी, समन्वय, मेलमिलाप एवं समताको भावना जागृत गराउने,

(झ) समाजका नीति निर्माण लगायत निर्माणका कार्यमा महिलाहरुलाई अग्रसर गराउँदै बौद्धिक एवं आर्थिक रुपमा सक्षम बनाउन सहयोग गर्ने ।

४. **समूह गठनका आधारहरुः** महिला समूह गठन गर्दा देहायका बुँदाहरुमा ध्यान दिनुपर्दछ ।

(क) प्रत्येक वडामा महिलाहरुको आवश्यकता पहिचान गर्ने,

(ख) प्रत्येक टोलमा महिलाहरुलाई समुहमा आवद्ध गरिनेछ,

(ग) आर्थिक, समाजिक हिसाबमा पिछडिएका, अवसरबाट वञ्चित तथा अपाङ्गता भएका महिलाहरु,

(घ) समावेशी रुपमा महिलाहरुको प्रतिनिधित्व गराईनेछ,

**५. समूह गठन देहाय बमोजिम हुनेछः**

(१) प्रारम्भिक महिला भेलाः

(क) सबै महिलाहरुको भेला गराई कार्यक्रको जानकारी गराउने ।

(ख) भेलामा वडा अध्यक्ष वा निजले तोकेको महिला जनप्रतिनिधि, महिला स्वास्थ्य स्वयंमसेविका तथा वडा सचिवको उपस्थितिमा भेला गराउने ।

(ग) छलफलको एजेन्डा, मिति, र स्थान भेला गराउनु भन्दा ७ दिन अगावै सार्वजनिक सूचना गर्नु पर्नेछ ।

(घ) एक घर एक महिला रहने गरी महिला समूह गठन हुनेछ ।

(ङ) महिला समूह सामुहिक भेला बाट मनोनित गरि कार्यसमित गठन हुनेछ ।

(च) समूहमा संगठित हुने महिलाको उमेर कम्तिमा १८ बर्ष पुरा भई ६० बर्ष ननाघेको हुनुपर्नेछ ।

(२) छलफलको विषयहरुः

(क) महिला भेलाका उद्देश्य र आवस्यकता बारे जानकारी गराउने ।

(ख) महिला भेलका विषय बस्तु बारे जानकारी गराउने ।

(ग) सदस्य बन्न इच्छुक महिलाहरुको नामावली तयार गर्ने ।

**६. कार्य समिति गठन**

(क) ७ सदस्य कार्यसमिति गठन गर्ने,

(ख) समितिको बार्षिक कार्ययोजना तथा कार्यक्रम तयार गरी स्वीकृत गर्ने,

(ग) विधनको मस्यौदा माथि छलफल गर्ने,

(घ) कार्य समितिको संरचना देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| अध्यक्ष | -१ जना |
| उपाध्यक्ष | -१ जना |
| सचिव | -१ जना |
| कोषाध्यक्ष | -१ जना |
| सदस्य | -३ जना |

**७. महिला समूह तथा समितिका पदाधिकारीको काम कर्तव्य र अधिकार विधानमा तोकिए बमोजिम हुनेछ ।**

**८. गाउँपालिका स्तरीय महिला समुहको गठन**

(क) सम्पुर्ण वडाका महिला समुहहरुको निगरानि परिचालन सुपरिवेक्षण तथा व्यवस्थापन गर्नका निमित्त गाउँपालिकाको उपाध्यक्षको संजोजकत्वमा गाउँपालिका स्तरीय महिला समुह गठन हुनेछ,

(ख) गाउँपालिकाको उपाध्यक्षको संयोजकत्व प्रत्येक महिला समूहको कार्य समितिले सिफारिस गरेका मध्येबाट १/१ जना सदस्य,

(ग) गाउँपालिकाको शाखा हेर्ने कर्मचारी सदस्य सचिव रहने ।

## परिच्छेद ३

## कोष सञ्चालन सम्बन्धी व्यवस्था

**९. कोष सञ्चालन गर्न सक्नेः**

(१) महिला समूहले आफ्नो सदस्यहरुको हित प्रवर्द्धनको लागि कोष सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछन।

(२) समूहको कोषमा देहायको रकम रहनेछ ।

(क) समुहका सदस्यहरुले स्वेच्छिक रुपमा नियमित जम्मा गरेको बचत।

(ख) समूहलाई नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा अन्य निकायबाट उद्देश्य तोकि वा नतोकि वा जुनसुकै किसिमले प्राप्त रकम ।

(३) कोषको सञ्चालन समूहको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट कार्यालयले तोकेको बैंकमा खाता खोलि गर्नुपर्नेछ ।

(४) लेखापरिक्षणः कोषको लेखापरिक्षण रजिष्टर्ड लेखापरीक्षकबाट स्वीकृत लेखामानका आधारमा हुनेछ ।

(५) समूहले हरेक बर्ष कार्तिक मसान्तभित्र आफ्नो आय-व्यायको विवरण तथा लेखा परिक्षण प्रतिवेदन समूहको आम भेलाबाट अनुमोदन गराउनुपर्नेछ ।

## परिच्छेद ४
## समूह दर्ता तथा नविकरण

**१०.समूह दर्ताः**

(१) समूह दर्ताः महिला समूहको दर्ता देहाय बमोजिम हुनेछः

(क) प्रत्येक टोलमा गठन भएका महिला समूह गाउँपालिकाको महिला तथा बालबालिका शाखामा दर्ता हुनुपर्नेछ ।

(ख) महिला समूहको बैठकमा सर्वसम्मत गरेको निर्णय, वडा कार्यालयको सिफारिस, सदस्य विवरण, समूहको विधान सहित निवेदन दिनुपर्नेछ ।

(ग) महिला समूहलाई दर्ता गर्दा पेश गर्ने निवेदनको नमुना अनुसुचि-१ बमोजिम दर्ता अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(घ) दर्ता गर्दा लाग्ने शुल्क गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ।

(ङ) महिला समूहबाट निर्णय गरी दर्ताको लागि निवेदन पेश गरेमा गाउँपालिकाले अनुसुचि-२ बमोजिमको ढाँचामा महिला समूह दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

(२) नविकरणः

(क) समूहको नविकरण बार्षिक रुपमा असार मसान्त सम्म गर्नुपर्नेछ ।

(ख) महिला समूहले गरेका अघिल्लो आर्थिक बर्षको कार्यक्रमको प्रतिवेदन, लेखा परिक्षणको प्रतिवेदन, सदस्य विवरण र वडाको सिफारिस सहित अनुसुचि-३ बमोजिमको ढाँचामा नविकरणको लागि निवेदन दिनुपर्नेछ ।

(ग) नविकरणको निवेदन रुजु गरी गाउँपालिकाले अनुसुचि-४ बमोजिम नविकरण गर्नेछ ।

(घ) नविकरण गर्दा लाग्ने शुल्क गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ।

## परिच्छेद ५
## विविध

११.**तथ्याङ्क अभिलेखिकरणः** समूह दर्ता सम्बन्धि अभिलेखिकरण अनुसुचि-५ र नविकरण सम्बन्धि अभिलेखिकरण अनुसुचि-६ बमोजिम सम्बन्धित शाखाले राख्नुपर्नेछ ।

१२.**महिला समूह बैठकः** महिला समूहको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछः

(क) माहिला समूहका सदस्यहरुको हित, सहयोग एवं समन्वयका लागि समूहको बैठक महिनामा कम्तिमा १ पटकमा नघट्ने गरी बस्नेछ ।

(ख) समूहको बैठकमा वडामा रहेको महिला जनप्रतिनिधिहरु, सामाजिक परिचालक लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

**१३.सामाजिक कार्य गर्दा गाउँपालिकाको सम्बन्धित शाखाबाट अनिवार्य अनुमति लिएर गर्नु पर्नेछ ।**

**१४.स्वशासित संस्था हुनेः महिला समूह एक अविछिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुनेछ ।**

**१५.अनुगमन गर्न र निर्देशन दिन सक्नेः**

(१) दर्ता अधिकारीले समूहको नियमित अनुगमन र क्रियाकलापको रेखदेख गर्न सक्नेछ ।

(२) महिला समूहले आफ्नो विधान बमोजिमको क्रियाकलाप नियमसंगत नगरेको, अनुदानबाट सञ्चालन हुने कार्यक्रम समयमा सम्पन्न नगरेको, कोषको लेखा सन्तोषजनक रुपमा नराखेको वा कोषको लेखापरिक्षणबाट कैफियत देखिएको अवश्थामा सचेत गराउन, प्रतिउत्तर पेश गर्न, स्थलगत निरिक्षण गर्न, कागजातको जाँच परिक्षण गर्न वा जिम्मेवार पदाधिकारीलाई उपस्थित गराउन सक्नेछ ।

(३) उपदफा(२) बमोजिम जाँच परिक्षणबाट समूहको कोष वा अन्य सम्पतिको हानी नोक्सानी भएको प्रमाणित भएमा दर्ता अधिकारीले जिम्मेवार पदाधिकारीबाट भराउन निर्देशन दिनेछ ।

(४) समूहले कार्यालयको निर्देशनमा रही समूहको विधान तथा नीति प्रतिकुल नहुने गरी अन्य संघ-संस्था वा दातृ निकायबाट अनुदान पाउने कार्यक्रम वा क्रियाकलाप सञ्चालन गर्न सक्नेछ ।

**१६.बाधा अड्काउ फुकाउने अधिकारः**

(१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकारको प्रयोग गर्दा ऐन र यस कार्यविधिको मुलभुत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

**१७.बचाउः**

(१) यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस अघि गाउँपालिका बाट भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
शैलेश किरण राई चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि १

(दफा १० उपदफा (१) खण्ड ग सँग सम्बन्धित)

## महिला समूह दर्ता निवेदनको ढाँचा

मितिः .......................

श्री कार्यलय प्रमुख ज्यू,
सूर्यगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोकदे, नुवाकोट ।

**विषयः महिला समूह दर्ता सम्बन्धमा ।**

महोदय,

हामीले ................ नामक महिला समूह सूर्यगढी गाउँपालिका वडा नं. ...... मा गठन गर्न चाहेको हुनाले सूर्यगढी गाउँपालिकाको महिला समूह दर्ता कार्यविधि, २०८२ बमोजिम समूह दर्ता गर्नको लागि देहायको विवरण खोली आवेदन दिएका छौं। प्रस्तावित विधान ३ प्रति, वडा कार्यालयको सिफारिस पत्र तथा कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि यसै निवेदनसाथ संलग्न गरिएको छ ।

१. समूहको नाम ........................................... रहने छ ।
२. सूर्यगढी गाउँपालिका वडा नं. .................... टोल ........................
३. सदस्य संख्याः ...............................
४. समुहको उद्देश्यः
   (१) ...................................
   (२) ...................................
   (३) ...................................

**कार्य समिति पदाधिकारी नामावली**

| क्र.स. | | नाम | पद | उमेर | ना.प्र.नं. | सम्पर्क नं. | शैक्षिक योग्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |

नियमति बैठक बस्ने दिन ................................................
प्रति महिना समूहको कोषमा संकलन हुने रकम .......................
हाल सम्म कोषमा जम्मा रकम रु. .......................................

........................
(हस्ताक्षर)
अध्यक्ष
(समूहको छाप)

अनुसुचि २

(दफा १० उपदफा (२) खण्ड घ सँग सम्बन्धित)

सूर्यगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्याल

चोकदे, नुवाकोट

बागमती प्रदेश, नेपाल

**<u>महिला समूह दर्ता प्रमाणपत्र</u>**

दर्ता नं. ........................ दर्ता मिति .......................

सूर्यगढी गाउँपालिकाको महिला समूह गठन तथा सञ्चालन कार्यविधी, २०८२ को दफा १० बमोजिम सूर्यगढी गाउँपालिका वडा नं. ........... टोल ............ मा गठित श्री ..................... समूहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

**<u>समूहको छाप</u>**

................................

प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि ३

दफा १० उपदफा (२) खण्ड ख सँग सम्बन्धित

## महिला समूह नविकरणको निवेदन ढाँचा

मितिः........................

श्री कार्यालय प्रमुख ज्यू,
सूर्यगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चोकदे, नुवाकोट ।

**बिषयः महिला समूह नविकरण गरिदिने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस सूर्यगढी गाउँपालिका वडा नं. ......... मा ............. टोलमा रहेको श्री .................. समूह यस आर्थिक बर्षमा गाउँपालिकाको महिला समूह गठन तथा सञ्चालन कार्यविधि, २०८२ बमोजिम नविकरण गर्नुपर्ने भएको हुँदा तपसिलमा उल्लेखित कागजात सहित नविकरणको लागि अनुरोध गर्दछु ।

तपसिलः

१. लेखा परिक्षणको प्रतिवेदन -१ प्रति
२. कर चुक्ता प्रमाणपत्र -१ प्रति
३. बार्षिक कार्यक्रम प्रतिवेदन -१ प्रति
४. कार्यसमित तथा सदस्यहरुको विवरण -१ प्रति
५. बार्षिक साधारण सभाको निर्णयको प्रतिलिपि र अख्तियारी पत्र -१ प्रति
६. वडा सिफारिस
७. सक्कल दर्ता प्रमाणपत्र

..............................
(हस्ताक्षर)
नामः..............................
पदः...............................
सम्पर्क नं. .....................
(छाप)

अनुसुचि ४

(दफा १० को उपदफा (२) खण्ड ग सँग सम्बन्धित)

## <u>महिला समूह नविकरण</u>

महिला समूहको नामः ..............................................................

ठेगानाः .............................................................................

| क्र.स. | नविकरण मिति | रसिद नं./मिति | अवधि | | प्रमाणित गर्ने पदाधिकारीको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसुचि ५

(दफा ११ सँग सम्बन्धित)

**<u>महिला समूह दर्ता अभिलेख</u>**

| क्र.स. | मिति | दर्ता नं. | समुहको नाम | वडा नं. | टोल | अध्यक्षको नाम | सम्पर्क नं. | सदस्य संख्या | दर्ता अधिकारीको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसुचि ६

(दफा ११ सँग सम्बन्धित)

## महिला समूह नविकरण अभिलेख

| क्र.स. | दर्ता नं. | समूहको नाम | नविकरण मिति | रसिद नं./मिति | अवधि | | दर्ता अधिकारीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |